जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २०३ २०७९ साल चैत १ गते बुधबार (15 Mar. 2023 Wednesday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- ➢ घरको संरचना बलियो बनाऔं,
- ➢ हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- ➢ छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- ➢ छतका गमला सुरक्षित रुपमा राखौं,
- ➢ जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- ➢ हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- ➢ सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- ➢ हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सरकार निजी क्षेत्र सहकार्य:... ३ पृष्ठमा : सरकारले घटायो रासायनिक... ३ पृष्ठमा : विदेशीमाथि लगाइएका ...

## अनाधिकृत रुपमा विद्युत चोरी गर्ने १ सय १४ जना पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

विद्युत प्राधिकरण बितरण केन्द्र राजविराजले अनाधिकृत रुपमा प्रयोग भइरहेको बिधुत नियन्त्रणका लागि चलाएको अभियान अन्तरगत दिनहु मानिसहरु पक्राउ पर्दैछन् ।

यसैक्रममा मंगलबार बिहान नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल बिधुत प्राधिकरणका कर्मचारीको संयुक्त टोलीले जिल्लाको विभिन्न स्थानबाट विद्युत हुकिङ गरि चोरेको अवस्थामा ७ जनालाई नियन्त्रणमा लिएको छ । यो संगै एक महिनाको अवधीमा विद्युत चोरी गरेको आरोपमा पक्राउ पर्नेको संख्या १ सय १४ पुगेको छ ।

प्रहरीका अनुसार तिलाठी कोईलाडि ६ निवासी ५५ वर्षिय लक्ष्मी यादव, १८ वर्षिय राजेश यादव, १५ वर्षिय कृष्ण कुमार यादव, ५५ वर्षिय जोगिन्द्र यादव तथा हनुमाननगर कंकालिनी ६ का ३० वर्षिय बिक्रम मण्डल, ५४ वर्षिय बद्रि प्रसाद मण्डल र ५१ वर्षका राम कुमार मण्डललाई नियन्त्रणमा लिइएको हो ।

सबै जना प्राधिकरणको विद्युतिय पोलमा हुकिङ्ग गरी घरमा चोरीको विद्युत प्रयोग गरीरहेको अवस्थामा पक्राउ परेको वितरण केन्द्रका प्रमुख मधुसुधन यादवले जानकारी दिएका छन् । पक्राउ परेकाहरुबाट प्रति ब्यक्ती १५ हजार ५ सय जरिवाना वसुल तथा अब उप्रान्त विद्युत चोरी न गर्ने सचेत गराई मात्र छाडिने प्रहरीले जनाएको छ ।

विषेश गरी ग्रामिण क्षेत्रमा विद्युतिय पोलमा हुकिङ्ग गरी विद्युत चोरी गर्ने काम बढेको सूचना आउन थालेपछी नियन्त्रणका लागी सशस्त्र र नेपाल प्रहरीको सहयोगमा "विद्युत चुहावट नियन्त्रण अभियान" नै चलाइएको प्राधिकरणले जनाएको छ ।

## मोटरसाइकल दुर्घटनामा पाँच जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

सप्तरीमा मंगलबार छुट्टाछुट्टै स्थानमा भएको मोटरसाइकल दुर्घटनामा परि पाँच जना घाइते भएका छन् ।

प्रहरीका अनुसार जिल्लाको बोदेबरसाईन नगरपालिका ५ जाजरस्थित हुलाकी सडक खण्डमा मोटरसाइकलले साइकललाई ठक्कर दिंदा साइकल यात्री घाइते भएका छन् ।

पुर्वबाट पश्चिमतर्फ जादै गरेको स.१०प.६९ नम्बरको मोटरसाइकलले सोही दिशातर्फ जादै गरेको साईकल यात्री स्थानीय ६० वर्षिय राम कुमार यादवलाई ठक्कर दिएको हो ।

सो ठक्करबाट साईकल यात्री यादवको टाउको, दुवै खुट्टा र दाहिने हातमा चोट लागेको तथा उपचारका लागि जिवन ज्योति अस्पताल बोदेबरसाईनमा भर्ना गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले मोटरसाइकलसहित चालक राजविराज १६ निवासी ३५ वर्षिय गंगाराम यादवलाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

यस्तै बोदेबरसाइन वडा नं. २ बैरिया चौकस्थित बिषणपुर बोदेबर्साइन सडक खण्डमा मोटरसाइकलले साइकललाई ठक्कर दिदा मोटरसाइकल चालक र साइकल यात्री घाइते भएका छन् ।

दक्षिणबाट उत्तरतर्फ जादै गरेको स.४प.२२०८ नम्बरको मोटरसाइकलले साइकल यात्रीलाई ठक्कर दिदा बाटो क्रस गर्ने क्रममा ठक्कर दिदा साइकल यात्रि सुरुङगा १० थलाहा सिस्वा बस्ने ५० वर्षका बिनोद यादवको टाउको र अनुहारमा चोट लागेको तथा मोटरसाइकल चालक बोदेबरसाइन ६ फुलकाही निवासी २४ वर्षिय सुरेन्द्र साहको अनुहार, दाहिने हात र दाहिने खुट्टामा चोट लागेको प्रहरीले जनाएको छ । दुबै घाइतेको जिवन ज्योति अस्पताल बोदेबरसाइनमा उपचार भइरहेको तथा मोटरसाइकल र साइकल प्रहरीको नियन्त्रणमा रहेको छ ।

यसैगरि मंगलबारै जिल्लाको कंचनरुप नगरपालिका ७ बलुवा चोक नजिक फत्तेपुर कंचनपुर भित्रि सडक खण्डमा एक मोटरसाइकलले अर्को मोटरसाइकललाई ठक्कर दिदा दुबैका चालक घाइते भएका छन् ।

कंचनपुरबाट फत्तेपुरतर्फ जादै गरेको प्र.२-०१-००२ प.११०८ नम्बरको मोटरसाइकलले बिपरित दिशाबाट आउदै गरेको प्र.२-०१-००३प.६४३५ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको हो ।

ठक्करबाट प्र.२-०१-००२प.११०८ नं. को माटरसाइकल चालक कंचनरुप ६ परेमारा टोल निवासी ३० वर्षिय राजु कुमार सरदारको टाँउमा पछाडी र हातमा चोट लागेको तथा र प्र.२-०१-००३ प.६४३५ नं. को मोटरसाइकल चालक सप्तकोशी ९ बस्ने १८ वर्षिय कृष्ण खंगको दाहिने खुट्टाको पैतालामा चोट लागेकोले घाइते दुबैको स्थानिय मेडिकल धरमपुरमा उपचार भईरहेको तथा घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## करणी मुद्दामा धरौटी तिर्न नसक्दा कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

जबरजस्तीकरणी मुद्दामा सप्तरी जिल्ला अदालतले तोकेको धरौटी रकम तिर्न नसक्दा एक प्रतिवादी मंगलबार कारागार चलान भएका छन् ।

सप्तरीको शम्भुनाथ नगरपालिका ७ बस्ने ५५ वर्षिय राम चलितर भन्ने लक्ष्मण पासवानलाई अदालतले करणी मुद्दामा धरौटी वापत ५ लाख रकम तिर्ने फैसला गरेको

*बाँकी तीन पृष्ठमा*

## भन्सार छलेर ल्याइएको सामान भण्डारण स्थलबाट बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

भन्सार छलेर ल्याइएको सरसामानहरु एक घरमा भण्डारण गरेर राखिएको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको छ ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ मौवा टोल बस्ने प्रमोद यादवको घरमा भन्सार छलेर भण्डारण गरि राखिएको तथा तस्करीमा प्रयोग गरिएको तीन वटा मोटरसाइकलसहित ७ लाख १ हजार बराबरको सरसामान प्रहरीले नियन्त्रणमा लिएको हो ।

गोप्य सूचनाको आधारमा सोमबार मध्यरात जिल्ला प्रहरी कार्यालयबाट खटेको टोलीले उक्त अवैध मालसामान नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए ।

बरामद सामानहरुमा ३ लाख ६० हजारको ४१ कार्टुन पाउडर, ३६ हजार ५ सयको खैनी र गुल तथा ४ हजार ५ मुल्य बराबरको दुध पाउडर छन् । यस्तै तस्करीमा प्रयोग गरिएको प्र.२-०१-००२प.४६६०, को.३५प.९९४१ तथा स.९प.२३४४ नम्बरको तीन वटा मोटरसाइकल समेत नियन्त्रणमा लिएको उनले जनाकारी दिए ।

उक्त मोटरसाइकलको ३ लाख रुँपैया मुल्याङ्न गरिएको तथा बरामद सबै सामान मंगलबार आवश्यक कारवाहीका लागि तिलाठीस्थित राजविराज भन्सार कार्यालय चलान गरिएको प्रहरीले जनाएको छ ।

## पोखरीमा डुबेर पाँच वर्षिय बालकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. ३ स्थित पोखरीमा खेल्ने क्रममा डुबेर एक पाँच वर्षिय बालकको मृत्यु भएको छ ।

डुबेर मृत्यु हुनेमा सो ट्राफिक चौक निवासी बिरेन्द्र मण्डलका ५ वर्षिय छोरा हार्दिक मण्डल रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार आफनो घर भन्दा ५ सय मिटर उत्तरमा रहेको पोखरीमा खेल्ने क्रममा डुबेर घाईते भएका बालक मण्डललाई उपचारका लागी युनिक अस्पताल रुपनी लगिएकोमा सोही अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको हो ।

## स्थानीय तहकै कर्मचारी प्रमुख प्रशासकीय अधिकृत बनाउनुपर्ने माग

**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

स्थानीय तहकै कर्मचारी प्रमुख प्रशासकीय अधिकृत बनाउनुपर्ने माग गर्दै मंगलबार गाउँपालिका राष्ट्रिय महासंघले संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीलाई ८ बुँदे मागसहितको ज्ञापन पत्र बुझाएको छ ।

महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेको नेतृत्वमा गएको टोलीले मन्त्री मोदीलाई बुझाएको माग पत्रमा संविधानको भावना अनुकूल स्थानीय सरकारको स्वायत्तता तथा प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृत स्थानीय सरकारको आफ्नै कर्मचारी हुनुपर्दछ भन्ने हाम्रो स्पष्ट मान्यता रहेको उल्लेख छ ।

यस्तै संघमा श्रेणी र स्थानीय तथा प्रदेशमा तहगत प्रणाली लागू भएको भन्दै महासंघले तहगत सरकारहरुमा श्रेणी र तह दुई प्रकारका प्रणालीको सट्टा सबै संघीय एकाइहरुबीच एकरुपता कायम गर्न तीनवटै तहको सेवामा तहगत प्रणाली लागू गर्न माग गरेको छ ।

स्थानीय तहको सेवामा नियुक्त कर्मचारी पनि प्रदेश र संघीय निजामती सेवामा हुने बढुवामा सम्भाव्य उम्मेदवार बन्न पाउने गरी निश्चित प्रतिशत छुट्याउन समेत महासंघले माग गरेको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

## सम्पादकीय

# महँगाईको मारमा जनता

अहिले सबैथोकमा महँगी बढेको छ। दैनिक उपभोग गर्ने बस्तु तथा खाद्यान्न लगायतका बस्तुहरुको मुल्यमा अत्याधिक बृद्धि भएको छ। चामलको मुल्यमा झण्डै ३ देखी ५ सय प्रति बोरा बढेको छ। यस्तै दालहरुमा औषत १० देखी २० प्रतिशतसम्म मुल्य बढेको छ। यस्तै हरियो तरकारीदेखी दैनिक उपभोग्य बस्तुको मुल्य दोब्बर भएको छ । दैनिकी रुपमा प्रयोग हुने सामाग्रिहरुको मुल्य मनपरी बढाइएको छ। यता उपभोक्ताहरुले पनि पसलेले गरेको मुल्य बृद्धिको कुनै प्रतिक्रिया नदेखाउँदा झनै पसलेहरुको मनोबल उच्च देखिएको छ।

महँगीका कारण सबैभन्दा बढी मारमा निम्न वर्गिय उपभोक्ता परेका छन्। यसप्रति सम्बन्धीत निकायको चासो नजानु उनीहरुको समेत मिलोमतो भएको प्रष्ट देखिन्छ। हुने खानेले जतिसुकै पनि मुल्य बृद्धि भएपनि कुनै असर नपर्ने तर दैनिक रुपमा काम गरेर गुजारा चलाउने परिवारहरु प्रत्यक्ष रुपमा मारमा परेका छन्।

एकातिर तीन वर्षअघि कोरोनाले त्रसित आमजनताले अहिले केही राहत महसुस गरे पनि महँगाईले झनै मारमा परेका छन्। तसर्थ यस्ता मुल्यबृद्धिप्रति स्थानिय प्रशासनदेखी जनप्रतिनिहरु समेतले निगरानी बढाउनु पर्ने आवश्यकता रहेको छ। बजार अनुगमन गरेर मनपर्दी गर्नेलाई कारवाहीको समेत दायरामा ल्याएर जनतालाई राहत दिनसक्ने अग्रसरता देखाउनु उत्तिकै आवश्यक छ।

# सरकार निजी क्षेत्र सहकार्यः अर्थतन्त्र सुधारको मार्गचित्र

काठमाडौं, ३० फागुन (रासस)। रामचन्द्र सङ्घइ

अर्थतन्त्रका सूचकाङ्कहरू सन्तोष मानिहाल्ने अवस्थामा छैनन्। यद्यपि नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिनाको तथ्याङ्क हेर्दा अर्थतन्त्र लयमा फर्कने अपेक्षा गर्न सकिन्छ। पछिल्लो समय अर्थतन्त्र सकारात्मक बाटोतर्फ नै अग्रसर भइरहेको हो कि भन्ने महसुस हुन थालेको छ।

बिदेशी विनिमय सञ्चिति रु १४ खर्ब नजिक पुगेको छ। व्यापार घाटा १८ दशमलव सात प्रतिशतले घटेको र 'रेमिट्यान्स' २७ दशमलव एक प्रतिशतले वृद्धि भएको छ। पुस मसान्तमा रू ९७ अर्ब १० करोड रहेको शोधनान्तर बचत माघ महिनामा मात्रै रु ३६ अर्ब ११ करोडले वृद्धि भएको छ। अमेरिकी डलरमा शोधनान्तर बचत रु एक अर्ब एक करोड छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति दुई खर्ब ४७ अर्ब तीन करोडले घाटामा थियो।

शोधनान्तर स्थितिमा मात्रै नभई चालु आवमा चालु खाता घाटामा पनि उल्लेख्य सुधार भएको छ। गत आर्थिक वर्षको सात महिनामा चार खर्ब ११ अर्ब ३४ करोड रहेको शोधनान्तर घाटा चालु आवको सोही अवधिमा २९ अर्ब ६४ करोडले मात्रै घाटामा छ। माघमा मात्रै रु एक खर्ब चार अर्ब रेमिट्यान्स भित्रिएको छ भने चालु आवको सात महिनामा छ खर्ब ८९ अर्ब ८८ करोड रेमिट्यान्स भित्रिएको छ।

आयातमा सङ्कुचन र रेमिट्यान्स वृद्धि हुँदा बाह्य क्षेत्र निरन्तर सुधार हुँदै गएको छ। चालु आव २०७९/८० को सुरुको दुई महिना साउन र भदौमा घाटामा रहेको शोधनान्तर स्थिति असोजपछि भने लगातार बचतमा छ। आर्थिक वर्षको सात महिना सकिँदा माघमा शोधनान्तर बचत एक खर्ब ३३ अर्ब २१ करोड पुगेको स्थिति छ। तर मुलुकको समग्र आर्थिक परिस्थिति मूल्याङ्कन गर्ने हो भने उत्साहित भइहाल्नुपर्ने देखिँदैन। चालु आवको सात महिनामा नेपालले रु ९३ अर्ब ४३ करोड बराबरको वस्तु निर्यात गर्दै गर्दा सोही अवधिमा रु नौ खर्ब १९ अर्ब १७ करोड बराबरको वस्तु तथा सेवा आयात गरेको तथ्याङ्कबाट यो कुरा स्पष्ट देखिन्छ।

अर्थतन्त्रमा जब शिथिलता आउँछ त्यो एकैपटक ह्वात्तै बढ्ने अवस्था हुँदैन। बिस्तारै सुधार हुँदै जान्छ। हाम्रो अवस्था पनि त्यस्तै छ। बिस्तारै सुधिँदै गएको देखिएको छ। अर्थतन्त्र चौपट हुनलाग्यो, गरिखाने बातावरण नै भएन, लगानीको अवसर भएन भन्नेजस्ता नकारात्मक कुरामा अल्झनुभन्दा अर्थतन्त्रलाई गतिशील बनाउन सकारात्मक सोच तथा सरकार र निजी क्षेत्र दुवैको सहकार्य एवं हातेमालो जरुरी देखिन्छ।

राजनीतिक बातावरण अस्थिरजस्तो देखिए पनि राष्ट्रिय सहमतिको पहल भइरहँदा केही सकारात्मक ऊर्जा पलाएको छ। आम निर्वाचन-२०७९ पछि बनेको सरकारले निजी क्षेत्रसँग मिलेर काम गर्ने भनेर विश्वास दिलाएको पनि छ। हालै उद्योगी व्यवसायीसँगको छलफलमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको बर्तमान वित्तीय समस्या समाधानबारे सरकारले ठोस निर्णय लिने आश्वासन दिनुभएको छ। वर्तमान वित्तीय अवस्थाबारे सरकार चिन्तित रहेको तथा बैंकको ब्याज, लघुवित्तका समस्या, व्यवसायीहरूको चासो र वित्तीय अराजकता निम्त्याउन खोज्ने प्रबृत्ति लगायतका विषयलाई सरकारले गम्भीर रूपमा लिएको प्रधानमन्त्रीज्यूको भनाइलाई उद्योगी-व्यवसायीले सकारात्मक रूपमा लिएका छन्।

सरकारले समस्या भए ल्याउन र समाधानका लागि प्रयास गर्ने विषयमा विश्वास दिलाएको छ। त्यसैकारणले पनि अर्थतन्त्रमा उत्साह थपिएको हुनसक्छ। लगानीमैत्री वातावरणको विश्वास भएपछि अर्थतन्त्र चलायमान हुन्छ। जुन स्वाभाविक हो। अब यस्तो लगानीमैत्री वातावरण निर्माणका लागि सबैले आ-आफ्नो स्थानबाट पहल गर्नुपर्छ। अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि अध्ययन गर्न सरकारले उच्चस्तरीय समिति बनाउने तयारी गरिरहेको छ। नेपाल उद्योग वाणिज्य महासङ्घ त यस्तो बातावरण निर्माणमा लागेकै छ।

अर्थतन्त्र कमजोर बन्दा अहिले देशको समग्र आर्थिक अवस्था नाजुक बन्दै गएको यथार्थलाई हामीले भुल्नु हुँदैन। पूँजीगत खर्चका लागि विनियोजित बजेटसमेत सरकारले जुटाउन नसक्दा काम भएका कतिपय आयोजनाले निर्माण व्यवसायीलाई भुक्तानी दिनसमेत सकेका छैनन्। राजस्वले लक्ष्य हासिल गर्न सकेको छैन भने व्यापार ठप्प जस्तै भएको छ। व्यापार चल्न नसक्दा कतिपय व्यवसायीले बैंकबाट लिएको ऋणको साँवा/ब्याज भुक्तानी गर्न सकिरहेका छैनन्।

पछिल्लो समय उद्योगी-व्यापारीलाई बैंकको चर्को ब्याजदरले समस्या भएको देखिन्छ। तर यसको पनि निकास निकाल्नु जरुरी छ। चैत १ देखि केही प्रतिशत ब्याजदर घटाउने बैंकर्स सङ्घले निर्णय गरिसकेको छ। यो स्वागतयोग्य छ। अब बिस्तारै बैंकमा निक्षेप बढ्न सुरु भएका तथ्याङ्कहरू सार्वजनिक भइरहेका छन्। नयाँ उद्योग कलकारखाना खुलिरहेका छैनन्। त्यसो हुँदा ऋणको 'फ्लो' घट्न जान्छ। एकातिर ऋण लिनेको सङ्ख्या घट्ने र अर्कातिर बैंकमा निक्षेप बढ्ने हुँदा ब्याजदर घट्छ र पुनः पुरानै स्थितिमा ब्याजदर कायम हुन्छ। अहिले अलि जटिल समय छ। त्यसैले संयम भएर सुझबुझपूर्ण तरिकाले नेपाल राष्ट्र बैंक, बैंक तथा उद्यमी-व्यवसायीबीच समन्वय हुँदा सबै क्षेत्रलाई पक्कै सहज हुने देखिन्छ।

जब हामी कुनै उद्योग वा कलकारखाना स्थापना गर्छौं तब हामी बैंकसँग ऋण खोज्न जान्छौं। सामान्यतया हामी ३० प्रतिशत आफ्नो पूँजी लगाउँछौं र ७० प्रतिशत बैंकबाट ऋण लिन्छौं। यसरी हाम्रो उद्योग, कलकारखाना खोल्ने उद्देश्य पूर्ति हुन्छ। त्यो ७० प्रतिशत रकम तपाइँ-हामी जनताकै रकम हो। त्यसो भएकाले अब ऋण तिर्न सक्दैनौं, तिर्दैनौं भन्नुभन्दा सकारात्मक सोच राखी अप्ठ्यारो छ भने ऋणी र बैंक बसेर आफ्नो समस्या बैकलाई अवगत गराई आपसी छलफल गर्नुपर्छ। यसमा बैंकले पनि केही सहज बातावरण बनाइदिनुपर्छ ऋणीले पनि समस्यामा समन्वय गर्ने र सहजतामा ब्याज तथा ऋण तिर्नुपर्छ। त्यसो त राष्ट्र बैंकले पनि बैंकलाई अप्ठ्यारो परेको बेला व्यवसायीलाई धेरै नकस्नु, आपसी समन्वय गर्नु भनी मौखिक निर्देशन दिएको छ।

अहिले कर्जाको ब्याजदर एकल अङ्कमा झर्नुपर्छ भन्ने सन्दर्भ उठिरहेको छ। खुला बजार नीतिअनुसार हामीले हिजोका दिनमा ब्याजको दर स्थिर हुनुहुँदैन भनेका हौं। ब्याज कहिले घट्छ त कहिले बढ्छ। स्थिर ब्याज हुँदा १२ प्रतिशतमा लिएको कर्जाको ब्याजदर आठ प्रतिशतमा हुँदा ऋणीले त्यसको सुविधा लिन पाउँदैनन्। फेरि नेपालमा मात्रै ब्याजदर बढेको होइन। अमेरिका, बेलायत लगायतका देशमा पनि अहिले ब्याजदर बढेको छ। हामी निक्षेपकर्ता पनि हौं। त्यसबाट पनि हामीले ब्याजदर पाइरहेका छौं। निक्षेपकर्ताले बढी ब्याज र ऋणीले कम ब्याज पाऊँ भन्ने हुन्छ। बजारमा माग र आपूर्तिका हिसाबले चल्ने भएकाले ब्याजदर घटबढ हुनुलाई अस्वाभाविक मान्नु हुँदैन। बैंक पनि नेपाल राष्ट्र बैंकको नियमअनुसार चल्नुपर्छ। बैंकिङ क्षेत्र आजका दिनमा सबैभन्दा पारदर्शी क्षेत्रका रूपमा लिन सकिन्छ। यसका पनि आफ्नै समस्या हुन सक्छन् तर निदान नै ननिस्किने समस्या भने होइनन् भनेर सम्बद्ध सबै पक्षले बुझ्नुपर्दछ।

हाम्रो अर्थतन्त्र रेमिट्यान्सले धानेको अर्थतन्त्र हो। रेमिट्यान्स कम हुँदा अर्थतन्त्रमा समस्या देखिन्छ। केही समयअघि पनि यो देखियो। यस्तो अवस्थामा अर्थतन्त्रको स्वास्थ्य राम्रो बनाउनका लागि नीतिगत स्थिरताको जरुरी छ। पहिलो कुरा त हामी कहाँ नीति आउन नै ढिला हुन्छ। आएपछि पनि कार्यान्वयनको काममा अझ ढिलाइ हुने अवस्था छ। खासमा उद्योगी-व्यवसायीलाई यसले पनि फरक पार्छ। अर्थतन्त्रको स्वास्थ्य दीर्घकालीन सुधारका लागि निर्यातजन्य उद्योगमा केन्द्रित हुनुको विकल्प छैन।

रोजगारी सिर्जना, विदेशी मुद्रा आर्जन, व्यापारघाटा कम गर्नका लागि निर्यात बढाउनुको विकल्प छैन। सरकारले यसका लागि नीतिगत सहजता बनाएर लगानी गर्ने बातावरण बनाउनुपर्छ। निर्यातजन्य उद्योगलाई प्रोत्साहन गर्ने नीति लिनुपर्छ। चालु आर्थिक बर्षको बजेटमार्फत सरकारले निर्यातजन्य उद्योगका लागि आठ प्रतिशत छुटको नीति लिएको छ, जुन सकारात्मक छ। तर यसको कार्यान्वयन छिटो र प्रभावकारी हुनु जरुरी छ। आठ प्रतिशत छुट प्राप्त रकम वस्तु निर्यात गरेको वर्षदिनपछि मात्र पाइन्छ। यो झन्झटिलो छ। यो नीति पुनरावलोकन गरेर महिना दिनभित्रै छुट प्राप्त रकम फिर्ता पाउने व्यवस्था हुनुपर्छ। नीति ल्याउँदा नै कार्यान्वयनको पक्षमा पनि विशेष जोड दिनुपर्छ। दक्ष जनशक्ति उत्पादन गर्न सक्ने हो भने विदेशबाट श्रमिक ल्याउनुपर्ने अवस्था हुँदैन। यसमा पनि केन्द्रित हुनु जरुरी छ।

देशको अर्थतन्त्र सुधार तथा लगानीमैत्री बातावरण निर्माणमा सघाउ पुगोस् भनेर नेपाल उद्योग वाणिज्य महासङ्घले 'भिजन पेपर सन् २०३०' ल्याएको छ। यसमा एक सय अर्ब डलरको अर्थतन्त्र बनाउने लक्ष्य छ। यो भिजन पेपर कार्यान्वयनको चरणमै छ। सरकारले पनि यसलाई अनुमोदन गरिसकेको छ। सरकारले पनि कार्यान्वयनका लागि सहयोग गर्ने भनेको छ। 'पोलिसी रिफर्म'का

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारले घटायो रासायनिक मलमा दिँदै आएको अनुदान

काठमाडौँ, ३० फागुन (रासस)।
सरकारले रासायनिक मलको खरिदमा कृषकलाई दिँदै आएको अनुदान घटाएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयकाअनुसार मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको सोमबारको बैठकले अनुदान घटाउने निर्णय गरेको हो।

"रासायनिक मलमा यसअघि समग्रमा ७० दशमलव ८२ प्रतिशत बराबर अनुदान दिइरहेकोमा अब ५९ दशमलव ०४ प्रतिशत कायम गरिएको छ। यो दरलाई क्रमशः ५० प्रतिशतमा झारिनेछ।" कृषि मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

सरकारले मलको अनुदान घटाएसँगै कृषकले यसअघि खरिद गर्दै आएको मूल्य पनि बढ्ने भएको छ। अनुदान कटौतीपछि आयात बिन्दुमा युरिया प्रतिकिलो रू २५, डिएपी प्रतिकिलो रू ५० र पोटास प्रतिकिलो रू ४० मा बिक्री वितरण हुनेछ। यसअघि आयात बिन्दुमा युरिया प्रतिकिलो रू १४, डिएपी प्रतिकिलो रू ४३ र पोटास प्रतिकिलो रू ३१ मा बिक्री वितरण भइरहेको थियो।

साबिकभन्दा अब युरिया प्रतिकिलो रू ११, डिएपी प्रतिकिलो रू सात र पोटास प्रतिकिलो रू नौ महँगो पर्ने भएको छ। सरकारले यसअघि युरियामा ८० प्रतिशत, डिएपीमा ६० प्रतिशत र पोटाससमा ५९ प्रतिशत अनुदान दिइरहेको थियो। तर अब युरियामा ६४ दशमलव ४९, डीएपीमा ५२ दशमलव ३८ र पोटाससमा ४६ दशमलव ०९ प्रतिशत मात्रै अनुदान दिइनेछ।

अर्थ मन्त्रालयले रासायनिक मलको अनुदान घटाउन भनेपछि यस्तो निर्णय गरिएको पनि कृषि मन्त्रालयले जनाएको छ। "रासायनिक मलको बढ्दो माग, बढ्दो अन्तर्राष्ट्रिय मूल्य र तद्अनुरुप रासायनिक मलमा बढ्दो अनुदान रकमलाई ध्यानमा राख्दै अर्थ मन्त्रालयको पत्रअनुसार स्रोत सुनिश्चितता गर्दाको शर्तको रुपमा रासायनिक मलमा दिँदै आएको अनुदानलाई लागतको ५० प्रतिशतमा सीमित राख्ने राय आएको छ।", कृषि मन्त्रालयको विज्ञप्तिमा भनिएको छ।

मन्त्रालयका अनुसार नेपालका लागि वार्षिक पाँच लाख २० हजार मेट्रिक टन रासायनिक मल आवश्यक पर्छ। मलमा कृषकलाई अनुदान उपलब्ध गराउन चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा रू १५ अर्ब ६ लाख छुट्याइएको थियो। गत साउन २७ गते अर्थ मन्त्रालयबाट रू १६ अर्ब स्रोत सुनिश्चितता दिइएको थियो भने यही फागुन ८ गते रू सात अर्ब ५० करोडको स्रोत सहमति दिइएको थियो। यसरी चालु आर्थिक वर्षका लागि रासायनिक मल शीर्षकमा कुल रू ३८ अर्ब ५० करोड ६ लाख बजेट कायम भएको छ।

हालसम्म कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनबाट कूल तीन लाख ३१ हजार पाँच सय मेट्रिक टन रासायनिक मल खरिद भइसकेको मन्त्रालयले जनाएको छ। यसरी खरिद भएको मलमध्ये करिब दुई लाख ३७ हजार पाँच सय मेट्रिक टन मल आयात भइसकेको छ भने ९४ हजार मेट्रिक टन आयातका क्रममा रहेको छ। यसवर्ष धानबालीका लागि यसवर्ष ९० हजार मेट्रिक टन मल अपुग हुने पनि मन्त्रालयले जनाएको छ।

# सचिव तथा सहसचिवलाई व्यक्तिगत विवरण अद्यावधिक गर्न निर्देशन

काठमाडौँ, ३० फागुन (रासस)।
राष्ट्रिय किताबखाना (निजामती) ले नेपाल सरकारका सचिव तथा सहसचिवसरहका कर्मचारीलाई आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्न निर्देशन दिएको छ।

किताबखानाले सोमबार एक सूचना प्रकाशित गरी सात दिनभित्र आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्न निर्देशन दिएको हो। कर्मचारीको सरुवा, बढुवा र पदस्थापन विज्ञताका आधारमा गर्ने सरकारको तयारीपछि किताबखानाले यस्तो सूचना जारी गरेको राष्ट्रिय किताबखानाका महानिर्देशक डा टोकराज पाण्डेले जानकारी दिनुभयो।

उहाँका अनुसार कतिपय कर्मचारीको सुरु सेवा प्रवेशको मात्र शैक्षिक योग्यता रहेको र सरुवा, बढुवाको विवरणसमेत अद्यावधिक नरहेकाले यस्तो सूचना जारी गरी विवरण अद्यावधिक गर्न लागिएको हो। यो निर्णय सबै सेवा समूहका कर्मचारीका लागि लागू हुने महानिर्देशक डा पाण्डेयले बताउनुभयो।

उहाँले भन्नुभयो, "निजामती सेवा नियमावली २०५० को नियम १० मा भएको व्यवस्थाबमोजिम यस्तो निर्णय गरिएको छ। सचिव र सहसचिवको पदमा पुगेका कर्मचारी पनि सुरुमा खरिदार वा नासुसरहको पदबाट सेवा प्रवेश गरेको भए उहाँहरूको व्यक्तिगत विवरणमा एसएलसी वा प्रवीणता प्रमाणपत्र तहको मात्र शैक्षिक योग्यता रहको छ, अब सबै कर्मचारीले आफ्नो व्यक्तिगत विववरण अद्यावधिक गर्नुपर्छ।"

विवरण अद्यावधिक गर्न किताबखानाको वेबसाइटमा रहेको इमेलमार्फत वा स्वयं कागजात लिई पुल्चोकस्थित कार्यालयमा गई विवरण अद्यावधिक गर्न सकिने राष्ट्रिय किताबखाना (निजामती) ले जनाएको छ। हाल निजामती सेवामा सचिवसरहका ७० र सहसचिवसरहका सबै सेवा समूहका झण्डै सात सय ५३ कर्मचारी कार्यरत रहेका छन्।

### करणी मुद्दामा ...

हो। सो रकम उनले तिर्न नसक्दा कारागार चलान भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार पासवानमाथी फागुन ७ गते स्थानिय एक ५८ वर्षिया एकल महिलालाई गाँउ देखि ५ सय मिटर पश्चिम आफ्नै खेतमा तोरी उखेलिरहेको अवस्थामा जबरजस्ती करणी गरेको उजुरी परेको थियो। सो उजुरी पश्चात् ईलाका प्रहरी कार्यालय कल्याणपुरले जबरजस्तीकरणी शिर्षकमा मुद्दा चलाएको थियो।

### सरकार निजी क्षेत्र...

लागि सरकार प्रतिबद्ध छ। अहिले सरकारसँग यस विषयमा कार्यान्वयनका लागि सहकार्य जारी छ। सरकार र महासङ्घका साथै सरोकारवाला निकायबीच काम भइरहेको छ। हामी सरकार र सम्बद्ध सरोकारवालासँगको आपसी समन्वय र सहकार्यमा छौँ।

आन्तरिक एवं बाह्य दुवै कारणले श्रम सम्बन्धमा नयाँ चुनौती थपिएका छन्। स्वास्थ्य र सुरक्षा, लैङ्गिक समानता, हिंसा र दुर्व्यवहार, न्यूनतम ज्याला, सामाजिक सुरक्षा, जस्ता विषयहरू मुख्य मुद्दाका रूपमा देखिएका छन्। उद्योगी व्यवसायीहरूले सामाजिक दायित्व बहन गर्दै व्यवसायलाई निरन्तरता दिनुपर्ने बाध्यता सिर्जना भएको छ। यसरी थपिने जिम्मेवारीले व्यवसाय सञ्चालन थप चुनौतीपूर्ण हुन गएको छ।

अधिकांश उद्योगहरू अहिले पनि १२ घण्टासम्म अघोषित 'लोडसेडिङ' भोग्न बाध्य छन्। १२/१२ घण्टासम्म लोडसेडिङ बेहोरेर श्रमिकको व्यवस्थापन, उत्पादनमा बेहोर्नु परिरहेको घाटा कसरी भरिपूरण गर्ने ? एउटा उद्योगीले यस्ता अनेकन समस्या झेल्नु परिरहेको छ। यस्तो परिस्थितिमा कुन उत्साहले काम गर्ने ? अनि लगानी बढाउँ कसरी भन्ने ? यसको समाधान खोज्नु जरुरी छ। देशैभर चौबिसै घण्टा विद्युत् आपूर्तिको वातावरण तयार हुनुपर्दछ। सीमा क्षेत्रमा बसेर व्यापार-व्यवसाय गर्ने उद्योगी व्यवसायीले विभिन्न अल्झन र झन्झट बेहोरिरहनु परेको छ। यति धेरै समस्या र जोखिम मोलेर काम गर्दा गर्दै उद्योगी-व्यवसायीको सम्मान हुन सकिरहेको छैन। यसतर्फ सरकारको ध्यान पुग्नुपर्ने देखिन्छ।

श्रम सम्बन्ध सुधारका लागि सामाजिक संवाद निकै महत्वपूर्ण छ। ट्रेड युनियन र सरकारसँग निरन्तर सम्पर्कमा रही बन्द हडतालमा जाने स्थितिको अन्त्य तथा श्रमसम्बन्धी कुनै पनि विवादको शान्तिपूर्ण र वार्ताको माध्यमबाट समाधान खोज्नुपर्नेमा हामीले जोड दिएका छौँ। परिषद्ले सञ्चालन गर्ने सबै कार्यक्रममा द्विपक्षीय एवं त्रिपक्षीय संवादलाई जोड दिइएको छ। हाम्रो आवश्यकताभन्दा पनि यी मुद्दाहरू विश्वव्यापी भएकाले हाम्रा कार्यक्रम पनि यिनै विषयमा केन्द्रित गरी सञ्चालन गर्नुपर्ने अवस्था छ।

तुलनात्मक रूपमा श्रम विवादको सङ्ख्यामा कमी आएको छ। यो राम्रो सङ्केत हो। तर, श्रम सम्बन्ध भरपर्दो हुन सकेको छैन, प्रतिष्ठान स्तरमा स-साना कुरालाई लिएर विवाद सिर्जन गर्ने, अचानक गैरकानुनी रूपमा काम बन्द गर्ने, जबरजस्ती गर्ने प्रवृत्ति अझै पनि कायमै छ।

श्रम र उद्योगसम्बन्धी नीति निर्धारण गर्दा श्रम सम्बन्ध सुधार एवं श्रम विवाद न्यूनीकरणमा सहयोग पुग्नेतर्फ ध्यान दिनु आवश्यक छ। उद्योगी-व्यवसायी तथा श्रमिक दुवैको हित र स्वाभिमान कायम हुने गरी बन्ने यस्ता नीतिनियमहरूले लगानीको वातावरण तयार गर्न र उत्पादन वृद्धिमा सघाउ पुग्ने निश्चित छ।

आर्थिक विकासका लागि राज्य र निजी क्षेत्रले प्रविधि, पूँजी र श्रमको उचित समायोजन गर्न सक्नुपर्छ। किनकि, देशको ढुकुटी भरियो भने मात्र सरकारले जनतालाई बाँडन सक्छ र रोजगारी तथा सामाजिक न्यायसहितको नीतिले मात्रै विकासको प्रतिफल सबै वर्ग, क्षेत्र र समुदायमा समन्यायिक ढङ्गले विस्तारित हुन पुग्छ। त्यसका लागि पूर्वाधार निर्माण गर्न स्वदेशी तथा विदेशी प्रविधि र लगानीलाई विशेष जोड दिनुपर्छ भने अनुत्पादक क्षेत्रमा खर्च भइरहेको नेपाली लगानीलाई नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सक्ने वातावरण सरकारले निर्माण गरिदिनुपर्दछ।

त्यस्तै, विद्युतीय ऊर्जालाई हामीले प्राथमिकता राखेर त्यसको विकास गर्न सक्यौँ भने नेपालमा उद्योग र यातायात सञ्चालनका लागि ऊर्जाको मुख्य स्रोत हाइड्रोपावर नै बन्न सक्छ।

नेपालको अर्थव्यवस्था कृषि, उद्योग, पर्यटन, जलस्रोत लगायतका दृष्टिले सुदृढ हुने सम्भावना छ। त्यसैले व्यावसायिक कृषि, उत्पादनशील उद्योग, पर्यटन आदि आधारभूत क्षेत्रमा ध्यान दिनाका साथै कूल गार्हस्थ्य उत्पादन बढाउन कृषिमा यान्त्रीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्न जोड दिने, प्राविधिक शिक्षा, विदेशमा रहेका युवालाई देश फर्काउने योजनासहितका कार्यक्रमहरू सरकारका तर्फबाट शीघ्र सञ्चालनमा ल्याउन नसक्ने हो भने हामीले अपेक्षा गरेको समृद्धि प्राप्त हुनै सक्दैन।

समग्रमा आर्थिक समृद्धिका लागि राजनीतिक इच्छाशक्ति, राजश्व बढाउने तथा खर्च घटाउने, निर्यात बढाउने र आयात घटाउने, उत्पादनमूलक उद्योगको विस्तार गर्ने, प्रविधिको विकासमा जोड दिने र उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने उद्योगी-व्यवसायीको सम्मान गर्ने परिपाटी विकास गर्न अत्यावश्यक छ। यसका लागि सरकार र निजी क्षेत्रको सहकार्य तथा हातेमालोको खाँचो देखिन्छ। तब मात्रै 'सम्मानित निजी क्षेत्र समृद्ध नेपाल'को आकाङ्क्षा पूरा हुनसक्छ। (सङ्घाई नेपाल उद्योग वाणिज्य महासङ्घमा उपाध्यक्ष हुनुहुन्छ।)

## विश्व समाचार

### विदेशीमाथि लगाइएका भिसा प्रतिबन्ध हटचो

बेइजिङ, ३० फागुन (रासस/एएफपी)।
चीनले कोभिड-१९ महामारी फैलिएपछि विदेशीमाथि लगाइएको यात्रा प्रतिबन्ध हटाएको छ। भोलि बुधबारदेखि विदेशीहरूलाई भिसा जारी गरिने विदेश मन्त्रालयले बताएको छ।

महामारी नियन्त्रण गर्न सरकारले केही महिना अघिसम्म कठोर 'शून्य कोभिड रणनीति' अवलम्बन गरेको थियो। सरकारको पछिल्लो निर्णयले बाहिरी संसारका निम्ति चीन पुनः खुलेको छ।

चिनियाँ विदेश मन्त्रालयको कन्सुलर अफेयर्स ब्यूरोसँग सम्बद्ध सामाजिक सञ्जालमार्फत जारी गरिएको सूचनाअनुसार नयाँ भिसा आवेदनको समीक्षा र स्वीकृतिका साथै मार्च २८, २०२० अघि जारी गरिएका तर म्याद नगुज्रिएका भिसावाहकले पुनः चीनमा प्रवेश गर्न पाउने छन्।

यस्तै सूचना संयुक्त राज्य अमेरिका र फ्रान्समा रहेका चिनियाँ दूतावाससहित विश्वका धेरै देशमा रहेका चिनियाँ कूटनीतिक नियोग जारी गरेका छन्। सरकारले जारी गरेको भिसासम्बन्धी अद्यावधिक नीतिले पानी जहाजबाट साङ्घाई आउनेहरूका साथै हङकङ, मकाउ र आसियान क्षेत्रीय समूह भित्रका देशका निश्चित पर्यटक समूहहरूका लागि बिनाभिसा यात्राको अनुमति दिएको छ।

राष्ट्रसङ्घीय विश्व पर्यटन सङ्गठनका अनुसार महामारी प्रारम्भ हुनुअघि वर्षमा अर्थात् सन् २०१९ मा छ करोड ५७ लाख अन्तरराष्ट्रिय पर्यटकले चीन भ्रमण गरेका थिए। विश्वका अधिकांश मुलुकले आफ्नो अर्थतन्त्रलाई गतिशील तुल्याउने उद्देश्यले महामारीका कारण बन्द गरिएको यात्रा अनुमति पुनः खुला गरेपछि चीनले पनि गत वर्षको उत्तरार्द्धमा यात्रा अनुमति दिएको हो।

बन्दाबन्दीको अवस्थामा महिनौँ घरभित्रै छटपटिका चिनियाँले शून्य कोभिड रणनीतिको विरोधमा देशका विभिन्न भागमा प्रदर्शन गरेका थिए। महामारी नियन्त्रणका नाममा आफ्नो राजनीतिक एवम् वैयक्तिक स्वतन्त्रता हनन भएको प्रदर्शनकारीको तर्क थियो।

### उत्तर कोरियाद्वारा पुनः क्षेप्यास्त्र परीक्षण

सोल, ३० फागुन (रासस/एएफपी)।
उत्तर कोरियाले मंगलबार पनि दुई वटा छोटो दूरीका क्षेप्यास्त्र परीक्षण गरेको छ। बितेका तीन दिनमा यो दोस्रो पक्षेपण भएको दक्षिण कोरियाले बताएको छ।

दक्षिण कोरिया र अमेरिको संयुक्त रूपमा सैन्य अभ्यास गरिरहेका बेला प्योङयाङले 'ब्यालेष्टिक मिसाइल' परीक्षण गरेको हो। उत्तर कोरियाको बढ्दो सैन्य र आणविक जोखिमलाई दृष्टिगत गरी वासिङ्टन र सोलबीचको रक्षा सहयोग घनीभूत भएको छ। पछिल्लो समयमा कोरियाली प्रायद्वीपमा हतियारको होडबाजनी र परीक्षणको शृङ्खला तीव्र भएको छ।

दक्षिण कोरियाका एक जना वरिष्ठ सैनिक अधिकारीका अनुसार मंगलबार प्रक्षेपण गरिएका क्षेप्यासत्र छ सय २० किलोमिटरसम्म उडेका थिए। उनले आफ्नो सैनिक दस्ताले निगरानी र सतर्कतालाई सुदृढ बनाएको बताएका छन्।

जापान सकारका प्रवक्ता हिरोकाजु मात्सुनोले क्षेप्यास्त्र आफ्नो देशको जलक्षेत्रमा नखसेका बताएका छन्। यद्यपि उनले उत्तर कोरियाबाट थप उत्तेजक कारबाही हुनसक्ने आशङ्का व्यक्त गरेका छन्।

अमेरिका र दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यासको विरोधमा केही दिन अघि पनडुब्बीबाट दुई वटा रणनीतिक क्रुज मिसाइल प्रक्षेपण गरेको थियो। फ्रिडम शिल्ड नाउँको अमेरिका-कोरिया सैन्य अभ्यास आगामी १० दिनसम्म जारी रहने छ।

अमेरिकी र दक्षिण कोरियाली संयुक्त अभ्यासले उत्तर कोरिया क्रुद्ध भएको छ। उक्त अभ्यासलाई उत्तर कोरियाले आफूमाथिको आक्रमणको पूर्वाभ्यासको रूपमा लिएको छ।

प्योङयाङले एक विज्ञप्ति जारी गर्दै वासिङ्गटनको वैमनस्यतापूर्ण एवम् उत्तेजक अभ्यासलाई युद्धको घोषणाका रूपमा लिन सकिने जनाएको छ। साथै उसले बढ्दो सैन्य तनावको दुष्चक्रलाई रोक्न अमेरिका-दक्षिण कोरिया संयुक्त अभ्यासलाई रोकिनुपर्ने माग गरेको छ।

सुरक्षा विश्लेषकहरूका अनुसार छोटो दूरीका क्षेप्यास्त्र परीक्षण गरेर उत्तर कोरियाले हिन्द-प्रशान्त क्षेत्रका अमेरिकी सैन्य अखडा र दक्षिण कोरियाली कमाण्ड सेन्टरलाई निशाना बनाएको बताएका छन्।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलको कार्यालयले उत्तर कोरियाले क्षेत्रीय तनाव बढाएको आरोप लगाएको छ। साथै उसले उत्तरको निन्दा गरेको छ। आर्थिक समस्या र खाद्यान्न समस्याबाट गुज्रिएको प्योङयाङले आणविक हतियार विकासलाई तीव्र गतिमा अघि बढाएर अन्तर्राष्ट्रिय प्रतिबन्ध निम्त्याएको टिप्पणी दक्षिण कोरियाली राष्ट्रपतिको कार्यालयले गरेको छ।

कोरिया वर्कर्स पार्टीका महासचिव किम जोङ उनले हालै प्योङयाङमा भएको पार्टीको विस्तारित केन्द्रीय समितिको पूर्ण बैठकमा राष्ट्रिय आर्थिक विकासको लागि अन्न उत्पादनलाई प्राथमिकतामा राख्दै आधुनिक कृषिकर्ममा जोड दिनुभएको थियो। उहाँले खाद्य सङ्कट सम्बोधनका निम्ति सिँचाइमा सुधार, कृषि उत्पादनको आधुनिकीकरण र विज्ञान तथा प्रविधिको विकास गरी कृषि विकासको दीर्घकालीन उद्देश्यमा पुग्न थप प्रयास गर्न आह्वान गर्नुभएको थियो।

# उपराष्ट्रपति निर्वाचनका लागि मंगलबार रातिदेखि प्रचारप्रसार निषेध

काठमाडौँ, ३० फागुन (रासस)।

निर्वाचन आयोगले आगामी चैत ३ मा तय गरिएको उपराष्ट्रपति पदको निर्वाचनका लागि मंगलबार राति १२ बजेदेखि प्रचारप्रसार निषेधको अवधि लागू हुने जनाएको छ। मतदान हुने दिनभन्दा ४८ घण्टा अगावै अर्थात् मंगलबार फागुन ३० गते राति १२ बजेदेखि मतदान केन्द्र बन्द नहुन्जेलसम्म निषेधको अवधि लागू गरेको हो।

निर्वाचनका लागि आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०७९ फागुन १७ गतेदेखि चैत ५ गतेसम्म कायम रहने गरी निर्वाचन आचारसंहिता, २०७९ जारी गरिसकेको छ।

उक्त आचारसंहिताबमोजिम निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निषेधको अवधि लागू हुने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले मंगलबार जारी गर्नुभएको विज्ञप्तिमा जनाइएको छ।

निर्वाचन (कसुर तथा सजाय) ऐन, ७३ को दफा २४ को ५ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ बमोजिम उक्त अवधिमा निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न निषेध गरिएको छ। साथै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, मत माग्न, एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालबाट मत माग्न, आचारसंहिता विपरीत वक्तव्य दिन, प्रेस विज्ञप्ति निकाल्न, प्रकाशन तथा प्रसारण गर्न, सञ्चारमाध्यमबाट जीत/हारको पूर्वानुमानका सामग्रीहरू प्रसारजस्ता कार्य गर्न नहुने आयोगले स्पष्ट पारेको छ।

निर्वाचनका लागि उम्मेदवारहरूको मनोनयनपत्र दर्ता भई अष्टलक्ष्मी शाक्य (बोहरा), प्रमिला कुमारी, ममता झा र रामसहायप्रसाद यादव उम्मेदवार रहनुभएको छ। प्रमिला कुमारीले आफ्नो समर्थन यादवलाई रहने घोषणा गरिसक्नुभएको छ।

# सोमबारदेखि स्ववियु निर्वाचन प्रचारप्रसार सुरु

काठमाडौँ, ३० फागुन (रासस)।

त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि सोमबार उम्मेदवारीको अन्तिम नामावली प्रकाशन गरिएको छ।

यही फागुन २७ गते उम्मेदवार मनोनयन गराएका उम्मेदवारको छानविन र उम्मेदवारी फिर्ता गरेपछि अन्तिम नामावली प्रकाशन गरिएको हो। सोमबार फागुन २९ गते दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता र दिउँसो २ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यतालिका रहेको थियो।

सोमबार अन्तिम नामावली प्रकाशन भएसँगै अब उम्मेदवार प्रचारप्रसार गर्न पाउनेछन्। त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीका अनुसार उम्मेदवारले सोमबारदेखि चैत २ गते राती १२ बजेसम्म प्रचारप्रसार गर्न पाउनेछन्। स्ववियु निर्वाचनमा आचारसंहितामा प्रचारप्रसार गर्नका लागि रङ्गरोगन र कुनै पनि प्रकारको पोस्टर टाँस्न नपाइने उल्लेख छ।

यस्तै आचारसंहितामा निर्वाचनसम्बन्धी कुनै पनि तुल, फ्लेक्स र कुनै प्रकारको पोस्टर टाँस्न नपाइने उल्लेख गरिएको छ। स्ववियु निर्वाचन केही क्याम्पसमा भर्ना विवादका कारणले रोकिएका छन्। उहाँले सम्बन्धित क्याम्पस प्रमुखलाई भर्ना विवाद समस्या समाधान गरेर निर्वाचन प्रक्रिया सुरु गर्न निर्देशन दिएको जानकारी दिनुभयो।

अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछन्। स्ववियु निर्वाचनका लागि मतदान चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको छ।

# बैंक तथा फाइनान्सले घटाए ब्याजदर

काठमाडौँ, ३० फागुन (रासस)।

वाणिज्य, विकास बैंक तथा फाइनान्स कम्पनीले बुधबारदेखि लागू हुने गरी ब्याजदर घटाएका छन्।

वाणिज्य बैंकहरूको छाता सङ्गठन नेपाल बैंकर्स सङ्घले चैतमा कर्जा र निक्षेपको ब्याजदर घटाउने निर्णय गरेको थियो। बैंक तथा वित्तीय संस्थाले मंगलबार सूचनामार्फत सो कुराको जानकारी दिएका हुन्।

चैत १ गतेदेखि निक्षेपमा शून्य दशमलब चार प्रतिशत र कर्जामा एक प्रतिशत प्रिमियम दर घटाउने निर्णय भएको सङ्घका अध्यक्ष सुनिल केसीले जानकारी दिनुभयो।

उहाँले सङ्घ ऋणको ब्याजदर घटाउनमा केन्द्रित भएको बताउनुभयो। हाल बैंकहरूले कर्जामा आधारदरमा छ प्रतिशतसम्म प्रिमियम लिने गरेका थिए। अब एक प्रतिशत घटेपछि आधारदरमा पाँच प्रतिशतसम्म प्रिमियम दर तोक्नेछन्।

यस्तै, निक्षेपतर्फको साधारण बचतमा न्यूनतम छ प्रतिशतदेखि अधिकतम आठ प्रतिशतसम्म ब्याज दिनेछन्। यसअघि साधारण बचतमा न्यूनतम छ दशमलब ४२ प्रतिशतदेखि अधिकतम आठ दशमलब ४२ प्रतिशतसम्म ब्याजदर तोकिएको थियो। मुद्दती निक्षेपको ब्याजदर भने स्थिर राखिएको छ। हाल बैंकहरूले मुद्दती निक्षेपमा ११ प्रतिशत ब्याज दिइरहेका छन्।

यस्तैगरी, संस्थागततर्फ नौ प्रतिशत र 'रेमिट्यान्स' मुद्दती खातामा १२ प्रतिशत ब्याजदर तोकिएको छ। यस्तै, विकास बैंकहरूको छाता सङ्गठनका रूपमा रहेको डेभलपमेन्ट बैंकर्स एसोसिएसनले चैतका लागि मुद्दती निक्षेपको ब्याजदर शून्य दशमलव २५ प्रतिशतसम्म घटाएको छ।

सङ्घको निर्णयअनुसार विकास बैंकहरूले चैत महिनादेखि एकवर्षे वा सोभन्दा माथिको व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर ११ दशमलव ६० प्रतिशत कायम गरेको छ। त्यस्तै, एक वर्षभन्दा कमको मुद्दती निक्षेपको ब्याजदर ११ दशमलव ५० प्रतिशत कायम भएको।

हाल विकास बैंकहरूले एकवर्षे वा सोभन्दा बढी दुवैको व्यक्तिगत मुद्दती निक्षेपमा ११ दशमलव ७५ प्रतिशत ब्याजदर दिँदै आएका थिए।

यसैगरी, ब्याजदर घटाएसँगै विकास बैंकहरूले चैतमा एकवर्षे वा सोभन्दा माथिको संस्थागत मुद्दती निक्षेपमा नौ दशमलव ६० प्रतिशत र साधारण बचतमा न्यूनतम छ दशमलव ६० प्रतिशतदेखि आठ दशमलव ६० प्रतिशत ब्याजदर प्रदान गर्नेछन्।

त्यसैगरी, नेपाल वित्तीय संस्था सङ्घ (फाइनान्स) ले मुद्दती निक्षेपको ब्याज दर शून्य दशमलव २० प्रतिशतले घटाएको छ। सङ्घले तीन महिनामाथिको निक्षेपको ब्याज दर शून्य दशमलव १५ प्रतिशत घटाउने निर्णय गरेको छ।

फाइनान्स कम्पनीहरूले एक वर्षको मुद्दती निक्षेपमा १२ दशमलव १० प्रतिशत ब्याज दिँदै आएकामा चैत १ गतेदेखि ११ दशमलव ९० प्रतिशत ब्याजदर कायम गरेका छन्।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**



**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



➢ मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
➢ यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं।
➢ मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ।
➢ कानूनको पूर्णरुपमा पालना गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*